**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**योजना तथा अनुगमन महाशाखा**
**योजना, अनुगमन तथा मूल्याङ्कन शाखा**
**चाकुपाट, ललितपुर**

# सुर्खेत-जुम्ला सडक अन्तर्गत बांगे सिमल-सैन सडक खण्ड स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति : २०७८/०४/३२**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला, बिरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिका र दैलेख जिल्ला, गुराँस गाउँपालिका, दुल्लु नगरपालिका, चामुण्डा विन्द्रासैनी नगरपालिका र आठबीस नगरपालिकामा नेपाल सरकार, सडक विभाग, योजना तथा अनुगमन महाशाखा, योजना अनुगमन तथा मूल्याङ्कन शाखा, पाटनढोका, ललितपुर ,द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा,<br>योजना तथा अनुगमन महाशाखा,<br>सडक विभाग<br>ठेगाना : चाकुपाट, ललितपुर, नेपाल<br>फोन नः०१-५००५५२२ ई-मेलः pmeu@dor.gov.np वेबसाइटः dor.gov.np |
| प्रस्तावको व्यहोरा | सुर्खेत-जुम्ला सडक अन्तर्गत बांगे सिमल-सैन सडक खण्ड फेडर सडक अन्तर्गत पर्दछ जुन ११२ कि. मि. लामो, नाला बाहेक ९ मि. चौडाई र कालो पत्रे सतहको हुनेछ । यसको क्षेत्राधिकार मध्यरेखा देखि दुवैतिर १५ मि. रहेको छ । प्रस्ताव सडकको डिजाइन स्पीड ४० कि. मी. प्रति घण्टा रहेको छ । |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानिय तह र वार्ड | सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिका वडा २ र बराहताल गाउँपालिका वडा ५, ७ र ८ र दैलेख जिल्ला गुराँस गाउँपालिका वडा १ र २, दुल्लु नगरपालिका वडा १, २ र ३, चामुण्डा विन्द्रासैनी नगरपालिका वडा ७ र आठबीस नगरपालिका वडा १ र ३ । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिकाहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग<br>योजना तथा अनुगमन महाशाखा<br>योजना अनुगमन तथा मूल्याङ्कन शाखा<br>पाटनढोका, ललितपुर<br>ईमेल : pmeu@dor.gov.np<br>फोन नं : ९७७-१-५००५५२२ |
| परामर्शदाताको नाम र ठेगाना | कार्ड-स्लेट-ग्रान्ड जे.भी.<br>बसन्त मार्ग-बबरमहल, काठमाडौं<br>ईमेल : cardconsultants@gmail.com<br>फोन नंः ९७७-१-४२२४१४१, ४२२४९९८ |